**पूर्वीचौकी गाउँपालिकाको तेश्रो गाउँ शभा**

**गाउँपालिका प्रमुख श्री दिर्घ राज बोगटी बाट प्रस्तुत**

# आ.व. २०७५/०७६ कोनीति, कार्यक्रम तथा बजेट

यस पुर्बिचौकी गाउँपालिकाको तेश्रो गाउँ सभामा सभाध्यक्ष ज्यू, हाम्रो निमन्त्रणालाई स्वीकार गरेर पाल्नु भएका प्रमुख अथिति प्रदेश न. ७ का माननीय संसद भरत बहादुर खड्का ज्यू, बिशिस्ट अथिति प्रदेश न. ७ का माननीय संसद पूर्णा जोशी ज्यू , आमन्त्रित अथिति ज्यू, गाउँ शभाका सभाषद् ज्यू ,राष्ट्रिय शेबक कर्मचारी तथा सुरक्षा निकायका प्रमुख, संचारकर्मी मित्रहरु,सबै ठाउँ बाट पाल्नु भएका आदरणिय इष्टमित्र, समाजसेबी, बुद्दिजिबी महानुभाबमा पूर्वीचौकी गाउँपालिकाको तर्फबाट हार्दिक हार्दिक स्वागत टक्रयाउन चाहान्छु ।

**१। नेपालको राज्य पुनःसंरचना पछि सम्पन्न भएको पहिलो चरणको स्थानीय तहको निर्वाचन पश्चात् पूर्वीचौकी गाउँपालिका तर्फबाट तेश्रो गाउँसभामा दोस्रो पटक नीति, बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न यस गरिमामय गाउँशभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महसुस गरेको छु । जनताले सात दशकसम्म गरेका बलिदानपूर्ण संघर्ष पछि यो सुनौलो अवसर हामी समक्ष जुरेको छ । नेपालको संरचना अन्तरगत जनतासँग प्रत्यक्ष र नजिकबाटसरोकार राख्ने स्थानीय तहको महत्व,भावना र सार्थकता सम्पूर्ण सर्बसाधारणमा समेत बोध गराउने यो सुखद समयलाईलाई स्मरण गर्न चाहन्छु ।**

**२। संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत हुँदै गएका् ।छनमुलक संविधान कार्यान्वयनको चरणबाट अघि बढिरहेको छ । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नयाँ युग सुरु भएको छ । यी ऐतिहासिक उपलब्धिका लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।**

३। नेपालको संबिधान अनुरुप प्रदेश नं. ७ को डोटी जिल्लामा अवस्थित पूर्वीचौकी गाउँपालिका डोटी जिल्लाको सदरमुकाममा रहेको सिलगढीबाट पूर्वीभागमा पर्दछ | यस गाउँपालिकाको जम्मा जनसंख्या २२,४८३ रहेको छ भने यस्को क्षेत्रफल ११७.६६ वर्ग किलो मीटर रहेको छ | पूर्वीचौकीको उत्तर तिर बझांग, दक्षिण पूर्व अछाम र पश्चिममा दिपायल सिलगढी नगरपालिका अवस्थित

रहेको छ| समुन्द्री सतह देखि अन्दाजी ११०० देखि ३५०० मीटर सम्मको उचाइमा अवस्थीत छ| सिलगढी देखि पूर्व हुदै पूर्वीचौकी गाउँ पालिकाको मध्यभागबाट पहलमान सिंह स्वार राजमार्ग अछाम हुदै बाजुरासम्म कालोपत्रे भएर जोडिएको छ| जुन एक मात्रै सडक तराई संग जोडिएको छ| यस गाउँपालिकाको संस्कृतिक महत्व आफ्नै खालको छ जस अनुरुप जात ४ वटा(ब्रह्मण, क्षेत्रि, दलित र जनजाती) रहेका छन् भने जाति ४९ वटा रहेका छन्, जुन यस यस प्रकार छन | (१. बादी २. ढोली ३. लुहार ४. ओड ५. दमाई ६. भुल ७. सुनार ८. तिरुवा ९. कोली १०. साउद ११. बोगटी १२. नेवार १३. आले १४. धानुक १५. देउबा १६. रावल १७. चिराल १८. थापा १९. कठायत २०. जोशी २१. गिरि २२. कुमैया २३. भारती २४. बटाला २५. बोहरा २६. खड्का २७. शाहि २८. उपाध्यक्ष २९. चयडा ३०. रावत ३१. धामी ३२. नेगी ३३. कडायत ३४. ठकुल्ला ३५. बिस्ट ३६. ओली ३७. ऐर ३८. सिर्माल ३९. दौडी ४०. महरा ४१. कुँवर ४२. सिंह ४३. भण्डारी ४४. बदैला ४५. ढाट ४६. साहु ४७. भट्ट ४८. कुमार ४९. नाथ ) आदि रहेका छन्|

४| यस पूर्वीचौकी गाउँपालिकाको सामर्थैताको आधारमा पर्यटकीय क्षेत्र खप्तड धार्मिक पर्यटकीय क्षेत्र रानढुंगा, त्रिवेणीधाम, नेत्रेस्वरी, अमरसिंह थापाले स्थापना गरेको अखण्डदिप प्रज्वलित हुने मालिका मन्दिर, दुर्गा मन्दिर, सलकटयाल, टेडीको मन्दिर, शाजेन्द्रशवर, मास्टामण्डाली आदि रहेका छन्| जलस्रोतमा मुख्य खोलाका रुपमा पूर्वीचौकी गाउँपालिकाको बीचभागबाट बग्ने गन्डीगाड, फुलौटिगाड, चिन्नीगाड र छोलेगाड रहेका छन र अन्य साना खोलाहरु पनि प्रशस्त मात्रमा रहेका छन| यहाका मानिसको मुख्य पेशाको रुपमा कृषि रहेको छ, जो जीवन निर्वाहको मुख्य आधारको रुपमा रहेको छ, यहाको कृषि उत्पादनमा धान, गहु, मकै, कोदो र नगणय मात्रामा जौ खेति हुन्छ भने दलहनमा भटमास, मास, गहत, मसुरो र केराउ उत्पादन हुन्छ, तेलहनमा रायो, तोरी, तिल र तरकारी खेतिमा प्याज, गोलभेडा, लसुन, आदुवा, आलु, टमाटर, बन्दा, काउली आदि उत्पादन हुन्छ, जो नगण्य मात्रामा छ| पशुपालनमा गाई, भैसी, बाख्रा, कुखुरा र गोरु रहेको छ| विशेषगरी गाई भैसीलाई दुध र कम्पोस्ट मलका रुपमा प्रयोग गरिन्छ भने गोरु खेत जोत्नेमा प्रयोग गरिनछ| यस पूर्वीचौकी गाउँपालिकाको सम्पूर्ण जमिनमध्ये अन्दाजी दुई तिहाई भाग बनले ढाकेको छ एक तिहाई जमिनको भाग बाझो रहेको छ| बनमा साल, सल्ला, बाज, लालिगुरास, काफल, उतिस, कटुस, सिमल, रिठा, अमला आदि रहेका छन् भने जडिबुटीमा सुगन्धवाल, पाषणदेब, सिलाजीत, सुनभाणी, कुरिलो, चुत्रा, जटामसी, सुनगाभा, कचुर, कुकुरडाईनो, हर्रो, बर्रो, तितेपाती, टिमुर, पांगुर रहेका छन| जंगली जनावरमा चितुवा, मृग, स्याल, बादर, ढेडुबादर, खरायो, भालु आदि रहेका छन् भने पन्छीमा कालिज, लुइचे, कोइली, तित्रा, डाँफे, च्खुरा, जुरेली, काठफोर, ढुकुर आदि रहेका छन्| यसैगरि पूर्वीचौकी गाउँपालिका अन्तर्गत बिद्यालयहरुमा

प्रारम्भिक बालबिकाश केन्द्र ४९, आधारभुत प्रा.वि. २९ वटा, कक्षा ६ देखि ८ सम्मका ७ वटा, कक्षा ९ देखि १० सम्म पाँच वटा, कक्षा११ देखि १२ सम्म तिन वटा, समुदायीकमा संचालित श्रोत कक्षा संख्या एक वटा , CLC ७ ओटा रहेका छन् |

५। पर्यटकिय क्षेत्रको अपार सम्भावना रहेको भू -स्वर्ग खप्तडको प्रवेशद्वार झिग्रना, प्रवेश द्वारको रुपमा रहेको चौखुट्टे पनि यसै पूर्वीचौकी गाउँपालिकामा अवस्थित छ | आज यो गाउँपालिका विविध सम्भावना र अवसर र चुनौतिको बिचमा उभिएको छ | प्रजा शक्ति र एकतामा जोड दिदै संस्कृति सम्पदा र कलाको जोगेर्नागरि शिक्षा, स्वस्थ, पिउने पानी, हरियालीयुक्त पूर्वीचौकी गाउँपालिका, सुन्दर पूर्वीचौकी गाउँपालिका बातावरण मैत्री बनाउन प्रण गरि अगाढी बढेको पूर्वीचौकी गौरवसाली इतिहास, समृद भविष्यको बिचमा उर्जाइतवर्तमान लिएर उभिएका छौ |यस अर्थमा हामी पूर्वीचौकी बासी सौभाग्यसाली छौ |

६। खप्तड संग जोडिएको जलस्रोत, जडिबुटी, कृषि, प्रयटनको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी पूर्वीचौकीको स्रोत र साधनको सु-व्यावस्थित उपयोगले पुर्बिचौकी बासीको सम्वृदि र जीवनमा सकारात्मक परिबर्तन ल्यान तथा गाउँपालिकाको सेवा प्रभाहमा विशिष्टता ल्याउने गरि नीति तथा कार्यक्रम तय गर्न यो गाउँशभा सफल हुने विश्वास लिएको छु |

७। यस गरिमामय सभामा गाउँपालिकाको तर्फबाट गाउँको सम्पूर्ण विकासको लागि मार्ग दर्शनको रुपमा रहने आगामी आ.व. ०७५/०७६ को वार्षिक नीति, कार्यक्रमको जानकारी गराउन पाउँदा अत्यन्त खुशी लागेको छ । यस अवसरमानगाउँपालिकाका प्रयासहरुमा हरदम साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु,गाउँशभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलहरु तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, संचार जगत, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु एवम पूर्वीचौकी गाउँबासी सम्पूर्ण आदरणीयआमा-बुबा, दाजु-भाइ तथा दिदी-बहीनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

**आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु :**

१। पूर्वीचौकी गाउँपालिकाको प्रवेशद्वार रहेको खप्तड झिग्रना देखि बीचपानी सम्मको सडक र चौखुट्टे देखि कालापोखरी सम्मको सडक निर्माणमा यथासम्म छिटो ध्यान दिन नेपाल सरकार र प्रदेश सरकार संग अनुरोध गर्दछु ।

२। पूर्वीचौकी गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेको चक्रपथ(Ring Road) जुन सडक हाम्रो पर्यटकिय क्षेत्र खप्तड, दुई जिल्ला जोड्ने र सेती लोकमार्गमा मिलाउने र पोखरी टिमुरदहबाट खोटिया फास्ट ट्र्याक मा मिल्ने सडक जुन सडकको प्रयोगबाट ४ घण्टामा धनगढी पुग्न सकिने र प्रयटकिय क्षेत्र जोड्ने समेत मदत गर्ने र सुक्खा बन्दरगाह उरहि ताक्लाकोट संगको connectivity(जोड्ने) र जुन सडकले पूर्वीचौकीलाई आर्थिक सम्वृदि भित्र लैजानेछ यस सडकलाई छिटो अगाडी बढाउन प्रदेश न. ७ संग अनुरोध गर्दछु ।

३। पूर्वीचौकीमा स्वस्थय सेवा उपलब्ध गराउन १५ सैयाको अस्पताल स्थापना गर्न नेपाल सरकार र प्रदेश सरकार संग अविलम्ब अगाडी बढाउन अनुरोध गर्दछु ।

४। पूर्वीचौकी गाउँपालिकाको पर्यटकिय क्षेत्रको रुपमा रहन सक्ने रानढुंगा क्षेत्र, अमर सिंह थापाले स्थापना गरेको मालिका मन्दिर, त्रिबेणीधाम आदिको संचरनागत बिकाश गरि अगाडी बढाउन प्रदेश सरकारसंग अनुरोध गर्दछु।

४। पूर्वीचौकी स्तरिय खेल मैदान निर्माणका लागि संघिय सरकार र केन्द्रीय सरकार संग अनुरोध गर्दछु ।

५। पूर्वीचौकी गाउँपालिकाको कृषि क्याम्पस र प्राविधिक तहको क्याम्पस संचालनका लागि सो कार्यलाई यथा सक्य चाडो अगाडी बढाउन हुन संघिय सरकार र प्रदेश सरकार संग हार्दिक अनुरोध गर्दछु । जस अनुसार सरस्वती मा.वि. र शाजेन्द्रश्वर मा.वि. लाई प्राथमीकतामा राखेको छु ।

६। पूर्वीचौकीमा सडक नपुगेको ठाउमा सडक पूर्याउन र सडक पुगिसकेका वार्डहरुमा सडकको स्तर अभिबृदिका लागि संघिय सरकार र प्रदेश सरकार संग जोडदार अनुरोध गर्दछु ।

७। पूर्वीचौकी गाउँ[पालिकामा सबै वार्डमा बिजुलीबत्ति नपुगेको कारण आ. ब. २०७६|७७ सम्म सबै वार्डहरुमा प्रत्येक टोलमा बिजुली पुग्ने गरि कार्य अगाडी बडाई दिनहुन केन्द्रीय सरकार र प्रदेश सरकार संग अनुरोध गर्दछु |

८। पिउने पानी अन्त्तगत पूर्वीचौकी गाउँपालिकाको केन्द्र बिन्दु को रुपमा रहेको सानागाउँमा खानेपानीको अभाब छ संरचनागत हिसाबले पालिकाका सबै संचरना येही निर्माण हुने भएकोले यसै वर्ष जाजरकोट खानेपानीको  अध्यन सर्वेक्षणका लागि केहि रकम गाउँपालिकाले छुट्टाएकोले अब सबै आयोजना पुरा गर्न गाउँपालिका बाट मात्रै सम्भब नभएकोले यसमा प्रदेश सरकारको सहयोगको लागि अनुरोध गर्दछु |

९। पूर्वीचौकीमा उत्पादनका दृस्टीकोणबाट उत्पादनमा बासमती, धान, गहु, मकै, कोदो र फलफुल खेतीको सम्भावना, मसला खेतिको सम्भावना, जडिबुटी खेतीको सम्भावना रहेको ले यसै वर्ष गाउँपालिका ले यस्को गुरु योजना बनाउने र यसै साथ दुग्ध व्यावसाय र मासु उत्पादन, तरकारी खेतीको सम्भावना रहेकोले यस  क्षेत्रमा उधमी कृषकलाई अनुदानका लागि सहयोग गर्न हुन संघिय सरकार लाई र प्रदेसिक सरकार संग अनुरोध गर्ने |

१०। पूर्वीचौकी गाउँपालिकाको चौतर्फी बिकासका लागि सहयोग गर्ने सरकारी क्षेत्र/निजि क्षेत्र , गैर सरकारी संस्था /अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लाई अनुरोध गर्दछु |

**११। गाउँपालिकामा संचालित योजनाहरुको अनुगमन कार्यलाई तिब्रता दिन विदाका दिनहरुमा समेत कार्य गर्नुपर्ने भएकालेसरकारी सवारी साधन उक्त दिनमा निश्चित प्रयोजनका लागि प्रयोग सवारीगर्न पास बनाउने अधिकार प्रत्यायोजन गर्न भनी नेपाल सरकार संग अनुरोध गर्दछु ।**

**१२। स्थानीय सरकार संचालन ऐन संग बाझिएका विद्यमान कानूनहरु अविलम्ब परिमार्जनको प्रकृया थालनी गर्न समेत अनुरोध गरिएको छ ।**

**१३। अन्तररकारी वित्तीय व्यवस्थापन ऐनले रोयल्टीकोडफाँटँबा गर्नेव्यवस्था गरेको तर विद्यमान कानूनमा विभिन्न क्षेत्रको रोयल्टीको दर निर्धारण नभैसकेको कारणले अविलम्ब उक्त कानुनहरु परिमार्जन गरी रोयल्टीको दर निर्धारण गर्न अनुरोध गर्दछु ।**

१४। पूर्वीचौकी गाउँपालिका भित्र कृषि उपजलाई व्यावस्थित गर्न आधुनिक स्थरको तरकारी संकलन तथा बिक्रि केन्द्रको निर्माणको लागि नेपाल सरकार तथा प्रदेश सरकार संग अनुरोध गर्दछु |

१५| संघिय सरकार र प्रदेश सरकारले स्थानिय तहका हक अधिकार कुण्ठित गरेको महशुस भएको | जिल्ला र क्षेत्रस्तरका कार्यालय विभिन्न बहानाबाजीमा जिल्लामै कायम राख्ने नीति देखिन्छ जुन संविधानको मर्म र भावना बिपरित छ | यसलाई संविधान अनुरुप कार्यन्वयनका लागि संघिय सरकार र प्रदेश सरकारलाई अनुरोध गर्दछु |

क) आ.व. २०७५/०७६ को वजेट तर्जुमा गर्दा लिईएका प्रमुख आधारनीतिगत र मुख्य मार्गदर्शन यस प्रकार रहेका छन् :

१। नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।

२। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकताका आधारहरु ।

३। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता तथा सन्तुलनका आधारहरु ।

४। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगतस्थाव्यव।

५। स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेका वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु ।

६। नेपाल सरकार अर्थमन्त्राललवाट समानीकरण अनुदान र राजश्ज बाडफाँटको सिलिङ्ग सहितको मार्गदर्शन ।

७। संघीय र प्रदेश सरकारले जारी गरेकोकानूननीति, तथा मापदण्डहरु ।

८। संघीय सरकार र प्रदेश तहबाट प्राप्तअन्य मार्गदर्शन एवम् निर्देशन तथा सुझावहरु ।

९। चौधौं योजनाले निर्दिष्ट गरेका एवम् लक्ष्य उद्देश्यहरु ।

१०। जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरु ।

११। नगरपालिकाको आन्तरिक स्रोतसाधनर तथा यसको सम्भाब्यता र चूनौतिहरु

## २०७५|७६ को बजेट कार्यन्वयनका केहि चुनौतिहरु:

१| गाउँपालिकाको निर्बाचन पहिला हुनु र संघिय सरकार र प्रदेश सरकारको निर्वाचित पछि भै ऐन,नियम बनाउने कुरामा गार्हो भै गाउँपालिकालाई काम गर्न चुनौति भएको |

२| नेपाल सरकार बाट समायोजन भै आउने कर्मचारी समयमा नआई/प्राविधिक समेत नभएको ले बजेट परिचालन मा कठिनाई|

३| प्राय: सम्पूर्ण कार्य उपभोक्ता समिति मार्फत गरिएको कारणले लागत सहभागिता जुटाउन कठिनाई तथा पेस्की बिना काम गर्न नसक्ने अवस्था साथै समयमै सम्झौता नहुने भएकोले आगामी दिनमा जनप्रतिनिधिहरु समेत परिचालित भै प्रभाबकारी अनुगमन गर्दै पुजीगत खर्चमा उल्लेख्य प्रगति गर्ने आशा तथा विश्वास दिलाउन चाहन्छु |

**## शिक्षा,स्वास्थ्य, कृषि, पर्यटन, जन्ताको गहना बातावरण मैत्री, प्रबिधिमैत्री, पूर्वीचौकी बनाउने हाम्रो चाहना**

**## लक्ष्य:**

**गाउँपालिकालाई योजनाबदद् ढंगले बिकाशको बाटोमा हिडाई, आर्थिक, सामाजिक बिकाश मार्फत रोजगारी सिर्जना गरि मानबिय क्षमतामा बृदि गरि गुरस्तरिय सेवा प्रदान गरि यसको लाभ पूर्वीचौकी बासीमा विस्तार गर्ने |**

### आदरणीय सभाध्यक्ष ज्यू

अब म आ. व. २०७५| ७६ को लागि विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु|

संघिय सरकार बाट प्राप्त ससर्त अनुदान ११ करोड ८७ लाख , बित्तिय समनिकरण ८ करोड १९ लाख, राजश्व बाडफाट तर्फ बाट ६ करोड ५३ लाख ७८ हजार यसै गरि प्रदेश सरकारबाट प्राप्त बित्तिय समनिकरण ६७ लाख ६२ हजार, ससर्त तर्फ २५ लाख ४७ हजार, गाउँपालिकाको आन्तरिक राजश्व आम्दानी अनुमानित १६ लाख ७३ हजार दुई सय सत्तरी रुपैया रहेको छ भने २०७४ |२०७५ बाट हाम्रो संचित खातामा जम्मा हुने अनुमानित रकम १ करोड २० लाख साथै सामाजिक सुरक्षा भत्ताको रकम अनुमानित ४ करोड ३२ लाख ३० हजार गरि जम्मा बजेट ३३ करोड २१ लाख ९० हजार २ सय ७० रुपैया रहेको छ |

**अनुसुचि : १**

**आ.व. ०७५।०७६ को क्षेत्रगतहरु :**

**आगामी आर्थिक बर्षको लागि लिईएका प्रमुख क्षेत्रगत नीति तथा कार्य देहाय बमोजिम हुनेछ:**

**क. आर्थिक विकाससँग केन्द्रित नीति तथा कार्यक्रमहरु:**

१। गाउँ **क्षेत्रमा गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकीकरणका लागि कृषकमैत्री औजार,उन्नत प्रविधि एवम्सुलभ कृषि कर्जाको लागि वित्तीय संस्था संग पहल गरिने छ ।**

२। **खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तारको लागि स्थायी श्रोतहरुको पहिचान तथा विकास गरिनेछ**

३। **सिंचाईकोव्यवस्थापनका लागि प्लाष्टिक पोखरी, आकासे पानी संकलनको विस्तार गरिनेछ**।यसका लागि संघ संस्था र नेपाल सरकार संग पहल गरिने छ |

**४। खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको उपयोगका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिनेछ ।**

**५।** पूर्वीचौकी गाउँपालिकालाई कृषि पकेट क्षेत्रको रुपमा ७ वटै वार्डको अध्यन गरि कार्यक्रम अगाडी बढाउने नीति लिइनेछ

**६। प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान् उत्पादन एवम वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरणछ।**

७। **कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष गाउँ स्तरमा उत्कृष्ट अध्यक्ष कृषक पुरस्कारबाट ५ जना कृषकलाइ सम्मान गरिने छ । उक्त पुरस्कार गाउँपालिका स्थापना दिवसका दिन वितरण गरिने छ ।**

**८। गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरिनेछ । 'एक वडा एक घाँसेवाली स्रोत केन्द्र' स्थापनालाई अनिवार्य गरिनेछ । यसका लागि वन,- संरक्षणभू तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवर्द्धनका लागि पहल गरिनेछ ।**

**९। प्रत्येक वडामा एकजना पशुसेवा प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषकको पहुँच विस्तार गरिनेछ ।**

## सामाजिक विकास क्षेत्रका नीतिहरु:

१। सबै समुदायले -एकअर्काका धार्मिक र सांस्कृतिक सम्पदाहरूप्रति सम्मान दर्शाउने र आफ्नो धार्मिक, सांस्कृतिक सम्पदाको आफैँ संरक्षण र प्रवर्द्धन गराउने व्यवस्था गरिनेछ।

२। गाउँ क्षेत्र भित्रका बाललालिकाहरुको चौतर्फी विकासका लागि वाबिालकाको आचार संहिता बनाई लागु गरिने छ।

३। बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले बालमैत्री स्थानीय शासनका लागि तोकेको ३९ वटा सूचकहरुलाई न्यूनतम सूचक मानि सो सूचकहरु पूरा गर्नका लागि आवश्यक पहल गरिने छ।

४। चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक **बालशिक्षाको अवसर** प्रदान गर्न विद्यालय संरचनाभित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन गर्ने नीति लिईनेछ।

५। गाउँ क्षेत्र भित्र संचालन हुने कार्य तथा कृयाकलापहरुमा बालश्रमिकको प्रयोग र परिचालनलाई निषेध गरिने नीति लाई निरन्तरता दिईने छ। गाउँपालिका भित्र रहेका वडाहरुलाई बालश्रम मुक्त घोषणा गर्ने अभियानलाई तिव्रता दिईने छ।

६। गाउँपालिकावाट उपभोक्ता समितिवाट कार्य गर्दा सम्भव भए सम्म नमुनाको रुपमा सवै पदाधिकारीहरु महिला रहने गरी उपभोक्ता समिति गठन गरि कार्य संचालन गरिनेछ।

७। गाउँलाई महिला हिसामुक्त **गाउँपालिका** बनाउनको लागि आवश्यक पहल कदमीको शुरुवातछ गरिने

८। बालविवाह तथा बहुविवाहलाई पूर्ण रुपमा अन्त्य गरिनेछ।

९| महिला सशक्तीकरण र अयआर्जन कार्यक्मकहरुलाई **अगाडी बडाईनेछ |**

१०| गाउँमा स्वास्थ्य केन्द्रकोव्यवस्थापन, स्वास्थ्य चौकीहरुको संचालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकास गरिने छ।

११| शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समतामूलक वितरण सुनिश्चित गरिनेछ।

१२| दुई वर्षा पुर्ण साक्षर गाउँ घोषणा गरिनेछ।

१३ | प्रत्येक विद्यालयमा छात्र र छात्राको लागि अलग शौचालयकोव्यवस्था गरिनेछ।

१४| विद्यालय भर्ना दर बृद्धि गर्ने तथा छोड्ने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ। साथै सरकारी,

राष्ट्रिय तथा अर्न्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोग,समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बंचित बालबालिकाहरु लगायत अन्यका लागि अनौपचारिकशिक्षा कक्षा संचालन गरिनेछ।

१५ | विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ।

१६| विद्यार्थीको सिकाइ अभिवृद्धिका लागिनिरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाईसीप विकास विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिनेछ।

१७| गाउँक्षेत्रका युवा वर्गमा लागू पदार्थ दुर्व्यसन प्रति सजगता तथा रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक बिशेष कार्यक्रमहरु संचलान गरिने छ। लैङ्गिक अल्पसंख्यकहरुलाई आत्मसम्मानपूर्वक जीवन यापन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ |

१८ | गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्दै विद्यालयका लागि सुरक्षित भवन, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, सरसफाइ आदिको प्रबन्ध गरिनेछ। शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइनेछ। विद्यालयलाई शान्तिक्षेत्र बनाइनेछ।

१९| आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरूसहितको प्रभावकारी्जएवाफदेहीपूर्णम स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ।

२०| नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनकोजनन लागि स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ।

२१| पूर्वीचौकी गाउँपालिकालाई धुँवामुक्त गाउँ बनाउँनका लागि विभिन्न अभियानहरु संचालन गरिने छ।

२२| कलाकार, खेलाडी, स्रष्टा, संस्कृतिकर्मी, मिडियाकर्मी र सबै क्षेत्रका अगुवा र समाजसेवीहरुलाई सम्मानका साथ सामाजिक अभियानमा उत्प्रेरित गरिनेछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा पूर्वीचौकी गाउँपालिकालाई चिनाउन उचित नीति लिईनेछ।

२३| जेष्ठ नागरिक, एकल र विधवा महिला, अशक्त अपाङ्ग र बालवालिकालाई नेपाल सरकारवाट प्रदान गरिदै आएको सुरक्षा भत्ता समयमै सुलभ तरिकावाट उपलब्ध गराउनेव्यवस्था मिलाइनेछ। जेष्ठ नागरिकहरुको ज्ञान अनुभवलाई उपयोग गरिने कार्यक्रमहरु संचालन गरिनेछ।

२४| शिक्षा सम्बन्धि रहेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यता लाई आत्मसबल गरिनेछ|

२५| आधारभूत शिक्षालाई अनिवार्य अबम् नि:शुल्क बनाइनेछ |

२६| अपांगता भएका र आर्थिक दृष्टिले कमजोर प्रत्येक व्याक्तिलाई माध्यामिक तह सम्मको शिक्षा नि: शुल्क दिईनेछ |

२७| बातावरण मैत्री , बालमैत्री एवम् अपांगमैत्री भौतिक संचरना निर्माणमा बिशेष जोड दिईनेछ |

२८| समुदायीक बिद्यालयमा पनि अंग्रेजी माध्यमबाट शिक्षण ,सिकाई क्रियाकलाप संचालन गर्ने बातावरण सृजना गरिने छ|

## पूर्वाधार विकास क्षेत्रका नीति तथा कार्यक्रमहरु

**१| सडकको दायाँबायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।**

**२| गाउँपालिकाका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमनतथासञ्चालन व्यवस्थापन चरणहरुमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापन पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।**

**३| गाउँपालिकाको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारीको अवधारणा अवलम्बनगरिनेछ ।**

**४| पूर्वीचौकी गाउँपालिका भित्रका सडकहरुमा लगत कट्टाको लागि पहल गरिनेछ साथै गत तथा चालू आ.ब. मा सञ्चालनमा रहेका योजनाहरुलाई प्राथमिकतामै राखी क्रमागत रुपमा सम्पन्न गरिनेछ |**

**६| गाउँपालिकाद्वारा पूर्वाधार विकास गरिएका योजनाहरुको दिगो विकासका लागि मर्मत सम्भारवा सेवा शुल्क तोकी मर्मत कार्यलाई अगाडि बढाइनेछ ।**

**७| गाउँपालिका क्षेत्र भित्र पर्याप्त खानेपानीकोव्यवस्थाको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी खानेपानीका आयोजनाहरुलाई प्रथमिकताका साथ अगाढी बढाईनेछ ।**

**८| पूर्वीचौकी गाउँपालिका क्षेत्रभित्र रहेका मुख्य सडक चक्रपथको विस्तृत परियोजना प्रतिवेदन तयार गरि सडक निर्माणको कार्यलाई तिब्रताका सथा अघि बढाईनेछ ।**

## फोहरमैला व्यवस्थापन,वातावरण तथा प्रकोपव्यवस्थापन क्षेत्रका नीति तथा कार्यक्रमहरु

**१|** स्वच्छ तथा हराभरा **पूर्वीचौकी गाउँपालिका बनाउन** सडकको दायाँ बायाँ बृक्षारोपण कार्यक्रम तथा पार्क/उद्यान कार्यक्रमलाई निरन्तरता दिईने छ । जलवायु परिवर्तन र यसको प्रभावका कारण पानीको स्रोतमा आएको कमी रजमीनमुनीको पानीको सतह घटेको कुराला ध्यानमा राख्दै एक वडा एक पोखरीको र्यक्रमलाईका निरन्तरता दिदै भएका पोखरी, ईनार, कुवा, धारा, आदिको संरक्षणमा विशेष जोड दिईने छ । समग्र वातावरण मैत्री कार्यक्रमको निरन्तरताको लागि **कार्य गरिने छ ।**

**२|** घरेलु फोहरलाई कुहिने, नकुहिने र पुनः प्रयोग गर्न सकिने तीन तहमा **फोहोर लाई छुट्टाई** उपयोग र उचित व्यवस्थापनका लागि निजी क्षेत्र र गैरसरकारी निकायसँग साझेदारी गरिनेछ ।

**३|** सार्वजनिक स्थलहरूमा फोहोरमैला **फ्याने** सूर्तिजन्य पदार्थको प्रयोग गर्ने, भित्तेलेखन गर्ने र मापदण्ड विपरीतका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीको प्रयोगलाई पूर्णतः निषेध गरिनेछ|

**४|** विपद व्यवस्थापनको लागि संस्थागत संरचनाहरु सुदृढ गर्दै बिपद् संभावित जोखिम पहिचान गरी पूर्व तैयारीको लागि आवश्यक कार्य गरिनेछ । आपतकालीन खोज, उद्धार तथा राहत र **पुनर** निर्माणका लागि आबश्यक प्रबन्ध गरिनेछ । विपतको समयमा प्रयोग गरीने कोष खडा गरीनेछ ।

५| **पूर्वीचौकी गाउँपालिका क्षेत्रभित्र रहेको वनक्षेत्रलाई संरक्षण, सम्वर्द्धन र वनको दिगोर व्यवस्थापनको उपभोग लागि समुदायमा आधारित वन व्यवस्थापनलाई प्रबर्द्धन गरिनेछ ।**

## सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन संग सम्बन्धित नीतिहरु:

१| विद्युतीय शासन तथा सेवा प्रणालीलाई प्रबर्द्धन गरिनेछ ।

२| **गाउँपालिकाबाट** उपलब्ध हुनेसेवाहरु असहाय, अपाङ्ग, बृद्ध-बृद्धा एवम् दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।

३| कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम जवाफदेही बनाइनेछ ।

४| पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एविमकासका लागि पत्रकार महासंघ लगायत संचारसंग सम्बद्ध निकायहरुसंग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

५| वडा तथा **गाउँपालिकामा** कार्यरत कर्मचारीको क्षमता विकास गर्न सरुवा तथा जिम्मेवारी हेरफेरको नीति अवलम्बन गरिनेछ ।

६| वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिनेछ । वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्ति आपूर्ति गरिनेछ । प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिनेछ ।

७| **गाउँपालिकामा** आबश्यक र उपयुक्त कानून, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी **गाउँबासीहरुलाई** सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ ।

८| **गाउँपालिकाबाट** सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक, सार्वजनिकपरीक्षण सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम्स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ । सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी बिश्वसनीय बनाइनेछगुणस्तर मापदण्ड बनाई लागू गरिनेछ । विकास कार्यहरुकोव व्यावस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

९| **गाउँपालिकाको** समग्र विकासमा सामुदायिक संस्थाहरु, गैरसरकारी क्षेत्र, सहकारीक्षेत्र, निजी क्षेत्र, अन्तर्राष्ट्रिय विकास साझेदारहरुसँग साझेदारी र सहकार्य गरिनेछ ।

१०| **यस गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका सम्बन्धित तर निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथाकार्यक्रम र गा. पा.** भित्र गर्नुपर्ने आकस्मिक **तथा अत्यावश्यक कार्यहरु गाउँकार्यपालिकाद्वारा निर्णय गरी कार्यान्वयन गर्ने र आगामी गाउँशभाबाट अनुमोदन गर्ने नीति अवलम्बन गरिनेछ |**

## मूलभुत नीतिहरु तथा कार्यक्रम :

- स्थानिय तहको लागि संबिधानले व्यावस्था गरेको मौलिक हक, कर्तव्य र अनुसूची ८ को एकल अधिकार र अनुसूची ९ को साझा अधिकार अनुरुप आवस्यक कानुन बनाउने कुरालाई प्राथमिकता दिईने छ |
- दिगो बिकाशका लक्ष्य अनुरुप पूर्वीचौकीको गाउँपालिका बिकाश गरिने छ |
- पूर्वीचौकी गाउँपालिकामा चुनाबमा जनाएका प्रतिबद्ता अनुरुप कार्य अगाडी बढाउने नीति लीईएको छ |
- योजना छनौट गर्दा बजेट दिग्दर्शन अनुरुप वस्ती स्तरमा स्थानीय बासीको सहभागी गराई प्रतक्षय रुपमा गरिबी घट्ने, रोजगार सिर्जना हुने, स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुने खालका योजना छनौट गर्ने नीति लीईनेछ |
- पूर्वीचौकी गाउँपालिकामा रहेको बालबिबाह, बहुबिबाह, छुवाछुत प्रथा र छाउपडी प्रथा, जस्ता प्रथाको अन्त्यय गर्ने नीति लिईने छ |
- महिला, हिंसा, घरेलु हिंसा आदिको अन्त्य गर्ने नीति अवलम्बन गरिने छ |
- पूर्वीचौकी गाउँपालिकामा गाउँपालिकाको अनुमतिबिना कसैलाई पनि घर बनाउन नदिने अनिवार्य गाउँपालिकाको अनुमति लिनु पर्ने नीति अवलम्बन गरिने छ |
- एकिकृत सम्पति कर प्रणाली यथासिघ्र लागु गर्ने नीति लीईने छ |
- वातावरण मैत्री स्थानिय साशनको नीति लीईनेछ |
- विपद जोखिम न्युनिकरण तथा व्यावस्थापन सबन्धि कानुन बनाई कार्यन्वयन गर्ने नीति लीईनेछ |

- बिकाशको परिकल्पना को आधारमा पुज र ५ वटा ज र १ वटा प अर्थात जमिन, जल , जनताको श्रम, जडिबुटी र जनताको सकारात्मक सोच र पर्यटकिय बिकाशको नीति अवलम्बन गरिने छ |
- ३ PPP अर्थात Public Private Partnership नीति अवलम्बन गरिने छ |
- बालमैत्री स्थानिया साशन (CFLG9) बातावरण मैत्री स्थानिया साशन(EFLG) ले निर्धारण गरेका उदेस्य हाशिल गर्ने नीति लिईनेछ |
- चौधौ योजनाले निर्दिस्ट गरेका लक्ष्य एबम उद्देश्यहरु साथै दिगो बिकाशको रणनीतिले अंगिकार गरेको लक्ष्य सूचक एबम प्राथमिकताहरु |
- नेपाल सरकार, अर्थ मन्त्रालयको बजेट सिलिंग, राष्ट्रिय योजना आयोग, संघीय मामीला तथा स्थानिय बिकाश मन्त्रालय, प्रचलित मार्गदर्शन एवम निर्देशनहरु तथा सुझाबहरु, प्रचलित कानुन
- संघीय मामीला तथा स्थानिय बिकाश मन्त्रालय र गाउँपालिकाको बीच सम्पन्न कार्यसम्पदान सम्झौताले परिलक्षित् गरेका सूचकहरु |
- पूर्वीचौकी गाउँपालिका ग्रामीण सडकहरुलाइ आगामी दुई वर्षभित्र प्रत्येक वडामा पुर्याई सबै वडा हरुलाई सडक संजालबाट जोडिने छ, र निर्माण भएका सडकलाई दुई वर्ष भित्र संरचनाको काम,bio-engineering कार्यहरु नाली, जाली, वाल र ग्राब्लिंग गरिने नीति लीई कार्यक्रम गरिने छ, बाकी रहेको एक वर्ष भित्र सकेजति सडक कालोपत्रे गरिने छ |
- आगामी ३ वर्ष भित्र प्रत्येक जनतालाई स्वचछ पिउने पानीको व्यावस्था गरि खानेपानीको व्यावस्था मिलाईनेछ |
- आगामी २ वर्ष भित्र उज्यालो पूर्वीचौकी बनाउन सबै वडामा बिजुली बालिने छ |
- नेपालको संबिधानलाई आत्मसात गर्दै महिला हिंशा, बालअधिकार, छाउपडी प्रथा, बालबिबाह आदिको अन्त्य गरि न्यायीक समाज निर्माणमा जोड दिईनेछ |
- आगामी ५ वर्षभित्र भौतिक पूर्वधार, निर्माण गरि राज्यको नियम अनुसार मापदण्ड पुर्याई पूर्वीचौकीलाई नगरपालिका बनाईने नीति लीईने छ |
- आगामी ५ वर्षभित्र खप्तड पर्यटकीय क्षेत्र  जोड्नेबाटो, रिंगरोड, गंडीगाड ,hydropower सुरुवात गरिनेछ |

➢ गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, निजि क्षेत्रहरु ले काम गर्दा काम को दोहोरोपन हुन नदिन जवाफदेहिता, पारदर्शीता, सहभागीता र उत्तरदायीत्व स्पस्ट हुनु पर्ने सो कार्यलाई नियमन गर्न सबै संघसंस्थालाई एकद्वार प्रणालीमा ल्याई कार्यक्रमको प्रभाबकारी कार्यन्वयनका लागि गाउँ कार्यपालिकाबाट कार्याक्रमको स्वीकृति हुनेपर्ने नीति लिईनेछ |

**<u>क्षेत्रगत नीति तथा कार्यक्रमहरु</u>:**

आर्थिक बिकास :

१) यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वितिय जस्ता क्षेत्र समावेश गर्ने

२) कृषि क्षेत्रमा कृषकलाई मल, बिउ, प्रबिधि वितरणगर्ने, अवलोकन भ्रमण तालिम, कृषि अनुदानको व्यावस्था आदि कार्यक्रम गरिने छ |

३) कृषिमा बिषादी युक्त उत्पादनलाई निरुत्साहित गर्दै organic व्यावसायिक कृषि प्रबर्द्धनमा जोड दिईनेछ |

क) कृषि संकलन केन्द्र निर्माण गरि उत्पादित कृषि सामग्री कृषि संकलन केन्द्रमा ल्याई हाटबजारको माध्यमबाट कृषि सेवा अगाडि बढाइने छ |

पर्यटन :

क. पूर्वीचौकी गाउँपालिकाका मठ, मन्दिर, कला, संस्कृति, परम्परा, ऐतिहासिकता बोकेका सम्पदाको सुची भित्र रहेका ठाउको पहिचान गरि संरक्षण र सम्बर्द्धन गरि बिकाशको नीति लाई पर्यटकीय गन्तव्यको रुपमा पर्यटकीय बिकाश गरिने छ |पूर्वीचौकी गाउँपालिकाको वडा न. २ बागलेगमा होमस्टे संचालन भइरहेको छ |

ख. पुर्बिचौकी गाउँपालिकाको आर्थिक सम्वृदिका लागि खप्तड भ्रमण वर्ष २०७५ घोषणा गरिएको छ |

**उद्योग तथा वाणिज्य तर्फ :**

क. घरेलु उद्योग, लघुउद्योग जस्तै : कपडा बुन्ने, मसला जन्य उद्योग, पाउरोटी उद्योग, स्थानीय श्रोतमा आधारित अल्लो, लोक्ता, नेपाली कागज बनाउन प्रयोग गरिने वणु, बास,

निगाला बाट दराज, रयाक, ह्याट cap आदि बनाउन उद्योग स्थापना गर्ने गाउँपालिकाले अनुदानका कार्यक्रम संचालन गर्ने छ |

**सामाजिक बिकाश तर्फ:**

शिक्षा, स्वास्थ्य, खानिपानी तथा सरसफाई, संस्कृति प्रतिबद्त, लैंगिक समानता तथा सामाजिक समावेशीकारण(महिला, बालबालिका,जेष्ठ नागरिक, अपाङ्गता भएका व्याति, दलित, आदिबासी जनजाती) जस्ता क्षेत्र समाबेश गरिनेछ |

क)पुर्वाधार बिकाश :

सडक तथा पुल(झुलुंगे पुल समेत) , सिचाई, भवन तथा सहरी बिकास, उर्जा, लघु तथा साना जलबिद्युत, संचार जस्ता क्षेत्र समाबेश गर्ने |

ख)बन, वातावरण तथा विपद व्यावस्थापन :

बन तथा भू – संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यावस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद व्यावास्तापन, वारुणयन्त्र संचालन जस्ता क्षेत्र समावेश गर्ने |

**अन्त्यमा**

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो |हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा पूर्वीचौकी गाउँपालिका विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरीकासंघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक अनुरोध गर्न चाहन्छु । आज प्रस्तुत वजेट गाउँ शभाले स्वीकृत गर्ना साथ अविलम्ब यस पूर्वीचौकी गाउँपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दछु | अत : प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तहाको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु । यस बजेटको सफल कार्यान्वयनबाट पूर्वीचौकी गाउँपालिकाको समावेशी र सन्तुलित विकासमा सघाउ पुग्ने, आर्थिक बृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्द पुग्ने विश्वास लिइएको छ । प्रस्तुत वजेट, नीति तथा कार्यक्रम तर्जुमा

गर्ने प्रक्रियामा प्रत्य तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण गाउँवासी दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु ।

वजेट नीति तथा कार्यक्रमहरुका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषय क्षेत्रगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, गाउँशभाका सदस्यज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एवम् पृष्ठ पोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो ।

नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउँ पुऱ्याउनु हुने राजनीतिक दलहरु, सरकारी कार्यालय, गैर -सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी व्यवसायी,बृद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता सो को सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै गाउँशभा सदस्यहरु, नागरिक समाज, सरकारी एवम्गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एवम् आम गाउँबासीको संयुक्त प्रयास आवश्यक हुन्छ विगतमा झैं गाउँबासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एवम विश्वास लिएको छु ।

**दिर्घ राज बोगटी**

**पूर्वीचौकी गाउँपालिका, अध्यक्ष** मिति :

**धन्यवाद !**